बाल सन्दर्भसामग्री

बालबोध - ३९

# बलभन्दा बुद्धि ठूलो

(कथा सँगालो)



495
A-b
60

बाल सन्दर्भसामग्री

बालबोध - ३९

891.495
CHA-b
2060

# बलभन्दा बुद्धि ठूलो

(कथा सँगालो)

श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

प्रकाशक : श्री ५ को सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

लेखन : विश्वम्भर चञ्चल

सम्पादन : जयप्रसाद लम्साल

भाषा सम्पादन : शम्भु दाहाल

चित्राङ्कन : अवीन्द्रमान श्रेष्ठ

आवरण : गौतम मानन्धर

रूपविन्यास : नबिन्द्रमान राजभण्डारी

सामग्री विकास संयोजन : हर्कप्रसाद श्रेष्ठ

Ac. 1050

सर्वाधिकार प्रकाशकमा सुरक्षित

पहिलो संस्करण : २०६० साल

छपाइ प्रति : ५६,०००

मुद्रण : नेपाल प्रिन्टर्स एन्ड ट्रेडर्स सहकारी संस्था लि.
मैतिदेवी, काठमाडौं

# प्राक्कथन

पाठ्यक्रम विकास केन्द्रले शिक्षाको गुणस्तर वृद्धिका लागि चलाएका विविध कार्यक्रममध्ये बाल सन्दर्भसामग्रीको प्रकाशन पनि एक हो । पाठ्यपुस्तकका अतिरिक्त अन्य पठन सामग्रीबाट पनि पाठ्यक्रमका उद्देश्यलाई प्राप्त गरी आफ्नो ज्ञान, सीप वा अभिवृत्तिको विकास गर्न प्राथमिक तहका विद्यार्थीहरू सक्षम होऊन् र अन्ततः व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन भई सिर्जनशील नागरिकको विकास हुन सकोस् भन्ने यी सामग्रीका मूल उद्देश्य रहेका छन् ।

प्राथमिक तहका केटाकेटीका लागि जिज्ञासा पैदा गर्ने, रुचि बढाउने र चाख मानीमानी पढेर प्रेरणा लिने प्रकारको सामग्रीको खाँचोलाई पूरा गराउन पनि यो प्रकाशन-माला चलाइएको हो । यसले पूरक पाठ्यपुस्तकको काम पनि गरोस्, मनोरञ्जन पनि देओस्, पठनप्रवृत्ति पनि बढाओस् भन्ने प्रयोजन पूरा गराउने वस्तु, भाषा-शैली र प्रस्तुतिको छनोट गर्न खोजिएको छ, जसले पढ्ने रुचिलाई बढाई विद्यार्थीहरूलाई विद्याव्यसनी बनाउन सकोस् तथा हरेक क्षण र कामलाई शिक्षापरक ढङ्गबाट हेर्ने बानी बसालोस्, अनि हाम्रा भोलिका नागरिक सभ्य, शिष्ट र अनुशासित बनून्, त्यसो भएमा नै आजका प्रयत्नहरूको सार्थकता पनि रहन्छ ।

यसअघि विगतका वर्षहरूमा विभिन्न ३८ शीर्षकका बाल सन्दर्भसामग्रीहरू प्रकाशित भइसकेका छन् । यस वर्षका पाँच शीर्षकसमेत अब ४३ विभिन्न शीर्षकमा सामग्रीको प्रकाशन भएको छ । सामग्रीमा विविधताका लागि प्रशस्त प्रयत्न गरिएको छ र यसलाई अरू विविधतायुक्त बनाउने प्रयास पनि भइरहेको छ ।

हाम्रो यस प्रयासमा सामग्रीको लेखन/सम्पादन गरेर, चित्र बनाएर, सल्लाह दिएर वा अन्य प्रकारले सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति पाठ्यक्रम विकास केन्द्र हार्दिक कृतज्ञता प्रकट गर्दछ र हाम्रो यस कार्यलाई फलदायी र गुणस्तरीय पार्न यसका पाठक, लेखक तथा शिक्षक, अभिभावक, समस्त बुद्धिजीवी र शिक्षाविद्बाट सल्लाह एवम् सुझावको अपेक्षा सदाझैं राखेको कुरा विनम्रतापूर्वक ज्ञापित गर्दछौं ।


शिवप्रसाद सत्याल
महानिर्देशक
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

वि. सं. २०६०

# विषयक्रम


| | | |
|---|---|---|
| १. | नपढी ज्ञान मिल्दैन | १ |
| २. | घमण्ड गर्नु हुँदैन | ५ |
| ३. | कर्म नै धर्म हो | ८ |
| ४. | बलभन्दा बुद्धि ठूलो | ११ |
| ५. | हरेस नखाए सफल भइन्छ | १४ |
| ६. | अल्छी भए खान पाइँदैन | १८ |
| ७. | सहरभन्दा गाउँ नै राम्रो | २२ |
| ८. | पहिला आफ्नो परिवारलाई मद्दत गर्नुपर्छ | २६ |

# नपढी ज्ञान मिल्दैन



धेरै वर्षअघिको कुरा हो । भारद्वाज नाम गरेका एकजना ऋषि थिए । उनका एक छोरा थिए । ती छोराको नाम यवकृत थियो ।


यवकृत विद्वान् बन्न चाहन्थे । विद्वान् बन्न खुब पढ्नुपर्छ । यवकृत भने नपढीकन नै ज्ञान पाउन र विद्वान् बन्न चाहन्थे ।

एक दिन यवकृतले सोचे, "कसरी नपढी विद्वान् होइएला ?" उनले तुरुन्तै जुक्ति निकाले, "गएर नदीकिनारमा बस्छु र तपस्या गरेर विद्या बटुल्छु । विद्याबाट ज्ञान आर्जन गर्छु । ज्ञान भएपछि विद्वान् बनिइहालियो ।"

बाबुले सम्झाउँदा पनि यवकृत मानेनन् । उनी तपस्या गर्न नदीकिनार गए । उनी पलेटी कसेर तपस्या गर्न लागे ।

यवकृतले ठूलो तपस्या गरे । उनी आँधी, हुरी, बतासबाट पनि डराएनन् । जत्रोसुकै पानी र वर्षाबाट पनि तर्सेनन् । एकोहोरो तपस्या गरिरहे ।

देवताहरूका राजा इन्द्र स्वर्गमा बस्थे । एकदिन उनी पृथ्वीमा आए । यवकृतको छेउमा पुगी उनले भने, "बाबु यवकृत, उठ आँखा खोल ।"



यवकृतले आँखा खोले । आफ्नो अगाडि इन्द्र देख्दा हुनसम्म खुसी भए । उनले इन्द्रलाई दण्डवत् गर्दै भने, "हे प्रभु, म धन्य रहेछु ! मैले हजुरको दर्शन पाएँ । अब मेरो इन्छा पूर्ण हुने भयो ।"

इन्द्रले उनको टाउको मुसारे । अनि माया गर्दै सोधे, "भन बाबु यवकृत, तिम्रो इच्छा के छ ? तिमीले किन यो विधि तपस्या गऱ्यौ ?"

यवकृतले हात जोड्दै भने "भगवान्, मैले नपढीकन नै तपस्याको बलले सारा वेद जान्न सकँ । कुनै दुःख नगरी सम्पूर्ण ज्ञानको भण्डार पाउन सकु । म यस पृथ्वीमा महाविद्वान्को नामले चिनियूँ ।"

यवकृतको इच्छा सुनेर इन्द्रलाई हाँसो उठ्यो । उनले भने, "बाबु यवकृत, तिम्रो इच्छा त अच्चम्मको रहेछ । नपढीकन ज्ञान कहाँ पाइन्छ र । ज्ञान पाउन र विद्वान् बन्न तिमीले पढ्नुपर्छ । घरमा तिम्रै बाबु भारद्वाजजस्ता विद्वान् ऋषि छन् । उनैसँग वेद पढ । अनि वेदबाट सम्पूर्ण ज्ञान सिक । तिमी त्यसै ज्ञानबाट विद्वान् हुने छौ । विद्या भनेको त गुरुसँग पढ्नुपर्ने कुरा हो । गुरु चाहे बाबुलाई बनाऊ वा अरूलाई बनाऊ । गुरुबाट सिकिएको असल विद्या नै फलदायी हुन्छ ।"

यवकृतले भने, "प्रभु, पढ्नलाई समय लाग्छ । त्यसमाथि सम्पूर्ण वेदको ज्ञान पाउन धेरै समय लाग्छ । म त्यो समय खेर फाल्दिनँ । म तुरुन्त विद्वान् बन्न चाहन्छु ।"

इन्द्रले उनलाई सम्झाए "बाबु, तिमी यो जिद्दी नगर । विना परिश्रम, विना अध्ययन



ज्ञान सम्भव छैन । बरु पढाइको साथमा केही तपस्या गर । यसले तिम्रो चरित्र झन् शुद्ध पार्छ । तिमीलाई शुद्ध चरित्रले ज्ञान पाउन पनि मद्दत गर्छ ।"

इन्द्रको कुरा यवकृतलाई मन परेन । उनले इन्द्रलाई भने, "जानुहोस् प्रभु तपाईं । तपाईंको कुरा मलाई चित्त बुझेन । म नपढीकन नै तपस्याको बलले ज्ञान पाउन चाहन्छु ।"

इन्द्र दिक्क मानेर हिंडे । यवकृत तपस्या गरेको गर्‍यै भए । स्वर्गमा इन्द्रले सोचे, "अब के गर्दा यवकृतलाई ठीक बाटोमा ल्याउन सकिएला ?" देवताका राजा न हुन्, विचार पनि सुझिहाल्यो । उनी तुरुन्तै फेरि यवकृत तपस्या गरेको ठाउँमा आए तर यसपटक इन्द्रको भेषमा होइन । उनी भेष बदलेर एकजना ब्राह्मण बने । त्यसपछि नदीकिनारमा बसेर बालुवा फ्याँक्न थाले ।



इन्द्र दिनदिनै किनारबाट नदीमा बालुवा फ्याँक्थे । बालुवालाई नदीको वेगले बगाउँथ्यो । फेरि फ्याँक्थे, फेरि बगाउँथ्यो ।

तपस्या गर्न बसेका यवकृतले यो सबै हेरिरहेका थिए । उनलाई अनौठो लाग्यो । उनले सोधे, हे ब्राह्मण, यो तिमी के गरिराखेका छौ ?"

इन्द्रले भने, "देख्दैनौ, म के गरिहेको छु ? म बालुवाले नदी थुन्दैछु ।"

ब्राह्मण भेषका इन्द्रका कुरा सुनेर यवकृतलाई हाँसो उठ्यो । उनले खितिति हाँसेर भने, "कस्ता मूर्ख रहेछौ ! यत्रो नदीमा बुालवा फ्याँक्दैमा नदी थुनिन्छ र ?"

ब्राह्मणले रिसाएझैं गरी जवाफ दिए, "तिमी नपढीकन विद्या पाउन खोज्छौ, होइन ? यदि तिम्रो इच्छा सम्भव भए मेरो किन हुँदैन ?"

उनको जवाफ सुनेर यवकृत चूप लागे । उनी झस्स्याँस्स भए । अनि मनमनै भने, "हो त नि, नपढीकन र मिहेनत नगरीकन विद्या कहाँ पाइन्छ र ?"

त्यस दिनदेखि उनी तपस्या गर्न छाडेर गुरुसँग विद्या पढ्न थाले ।

# घमण्ड गर्नु हुँदैन

एकपल्टको कुरा हो । सूर्य र हावाको बीचमा को बलवान् भन्ने विषयमा भनाभन भएछ । कुरैकुरामा हावाले "म ठूलो" भनेछन् । सूर्यले शान्त स्वरमा भने, "हावा, हामी झगडा नगरौँ । हामी दुवैको काम त पृथ्वीका सारा मानिस र बोटबिरुवाले देखेकै छन् । तिमी तिम्रा ठाउँमा ठूला छौ । म मेरो ठाउँमा ठूलो छु ।"


"त्यसो भनेर कहाँ हुन्छ ?" हावा कड्किए, "हाम्रो झगडा परिसकेपछि अब छिनोफानो हुनुपर्छ । अब म तिमीलाई त्यसै छोड्दिनँ ।"

यसमा सूर्य मुसुक्क हाँसे । उनले तल पृथ्वीमा एउटा बटुवा देखे । त्यो बटुवा ओढ्ने ओढेर हिँडिरहेको थियो ।

सूर्यले प्रस्ताव राखे, "उः त्यो मानिसले ओढिराखेको ओढ्ने जसले फाल्न लगाउन सक्छ, त्यही ठूलो हुन्छ । यस कुरामा तिमी मन्जुर गर्छौ ?"

"हा . . . हा . . . हा . . . ! "
हावा बेस्सरी हाँसे । उनले भने, "यति सानो कुरामा पनि बाजी राख्ने ? बाजी नै राख्नुपरे ठूलै कुरामा राखुँ न ।"


सूर्यले भने, "होइन, यही गरेर देखाऊ न । अनि तिमीलाई मभन्दा ठूलो मान्छु ।"



हावा कस्सिए । उनी ठूलो आँधीबेरी भएर पृथ्वीमा बहन थाले । जतिजति हुरी र आँधीबेरीको रूपमा उनी बहन्थे, बटुवाले झन्झन् आफूले लगाइराखेको ओढ्ने च्याप्दै जान्थ्यो । आफ्नो ओढ्ने हावाले उडाउला भन्ने उनलाई ठूलो पीर थियो । हुरीको जोडले बरु ऊ लड्यो तर मरिगए ओढ्ने उड्न दिएन ।

आखिर हावाको केही लागेन । अन्त्यमा पसिना पुछ्दै हावाले भने, “ल, मेरो केही लागेन । अब तिमी आफ्नो तागत देखाऊ ।”





त्यसपछि त सूर्यलाई के चाहियो र । उनले पृथ्वीमाथि आफ्नो तेज विस्तारै बढाउँदै गए । मानिसलाई गर्मी भएर आयो । उसले मनमनै भन्यो, "अघिमात्र त्यत्रो हुरी चलेको थियो । यति चाँडै फेरि यत्रो गर्मी कसरी भयो ? गर्मी त झन्झन् पो बढ्दै गयो बा !" उसले आफ्नो शरीरबाट ओढ्ने फुकालेर भुइँमा राख्यो र रूखको छहारीमा बस्यो ।

सूर्यले हावासँग भने, "देख्यौ हावा, जबरजस्तीले केही पनि काम बन्दैन । कसैमाथि आफ्नो धाँक रवाफ कहिल्यै नदेखाउनू । धाँक रवाफले त झन् मानिस रिसाउँछन् । सरल व्यवहारबाटै उनीहरूसँग काम लिनुपर्छ । तिमीले आफ्नो डरलाग्दो रूप देखायौ । हुरी र आँधिबेरी भनेको तिम्रो डरलाग्दो रूप हो । मानिस डराएपछि उसबाट केही काम बन्दैन । ऊसँग सरल तरिकाले व्यवहार गर्दै जानुपर्छ ।"

सूर्यको कुरामा हावाले मन्जुर गरेर भने, "अबदेखि म कहिल्यै घमण्ड गर्दिनँ ।"

# कर्म नै धर्म हो



उहिले मिथिला भन्ने एउटा देश थियो। त्यो देश अहिले हाम्रो देश नेपालको जनकपुर अञ्चलमा पर्छ। त्यहाँ एकजना व्याधा थिए। उनको नाम धर्मव्याधा थियो। उनी जनावर र चराचुरुङ्गी मारी तिनको मासु बेच्थे।

मिथिलामा त्यस समयमा कौशिक नाम गरेका एकजना ब्राह्मण पनि बस्थे। उनलाई आफ्नो तपस्यामा निकै घमण्ड थियो। उनी आफूलाई सबैले धर्मात्मा भनेर चिनून् भन्ने चाहन्थे।

एउटी सज्जन महिलाले कौशिकलाई भनिन्, "तिमी घमण्ड नगर। धर्मात्मा मानिस कस्तो हुन्छ, तिमीले देखेका छैनौ। तिमी धर्मव्याधाकहाँ जाऊ। अनि धर्मात्मा बन्न के गर्नुपर्छ, उनैसँग सिक।"

कौशिक धर्मव्याधाकहाँ पुगे। धर्मव्याधाले सोधे, "हे ब्राह्मण, मैले हजुरको के सेवा गरुँ, आज्ञा होस्।"

कौशिकले भने, "हे धर्मव्याधा, मैले तिम्रो निकै गुणगान सुनेँ। तिमी असाध्य धर्मात्मा छौ रे। तिमीजस्ता धर्मात्मा मानिस किन यस्तो काममा लाग्यौ ? धर्मात्माले पनि कहीँ व्याधा बनेर मासु बेच्छ र ?"




धर्मव्याधाले मुसुक्क हाँस्दै भने, "हे तपस्वी ब्राह्मण, मासु बेच्नु मेरो पितापुर्खादेखिको पेसा हो । मेरा बाबु, बाजे यही काम गर्थे । कुलमा चलिआएको पेसा गर्नु पाप होइन । म आफू मासु खान्न तर मासु भने बेच्छु । किनकि यही कामबाट म पैसा कमाउँछु । आफू पालिन्छु र आफ्नो परिवार पाल्छु ।"

धर्मव्याधाले भन्दै गए, "म असल कामबाट पछि हट्दिनँ । बाबु आमाको सेवा गर्छु । आफूभन्दा माथिकालाई आदर र सत्कार गर्छु । आफूभन्दा सानालाई प्रेम र माया गर्छु । सबैसँग मीठो बोल्छु । कसैको चोर्दिनँ । सबैको भलो हुने काम गर्छु । कसैलाई केही कुरा ढाँट्दिनँ । ढाँट्नु पाप सम्झिन्छुँ । पाप गरेकोमा पछुतो लाग्छ । त्यस्तो भूल सच्याउने कोसिस गर्छु । सुख कुन हो, दुःख कुन हो, मलाई थाहा छैन । सुखमा खुसी पनि हुन्न । दुःखमा दुःखी पनि हुन्न । मैले यसो गरेँ भनेर घमण्ड पनि गर्दिनँ । घमण्ड र रिसले मानिसलाई नास गर्छ ।"

धर्मव्याधाको कुरा सुनेर कौशिक अति खुसी भए । उनले भने, "तिमीले भनेका सबै कुरा साँचो हुन् । मलाई एकपल्ट तिम्रा बाआमासँग भेट गराऊ ।"

धर्मव्याधाले कौशिकलाई आफ्ना बाआमासँग चिनाउँदै भने, "यी मेरा बाबु आमा हुन् । यिनीहरूलाई नै म देवीदेवता समान मान्छु । देवताका निमित्त गरिने सबै काम म यिनीहरूकै नाममा गर्छु । यिनीहरूबाट सबै कुरा जानें । यिनीहरूकै माया र सहाराले म हुर्किएँ । यिनीहरूका यी सबगुण म कसरी भुलूँ?"


कौशिकले भने, "मेरै बिछोडमा मेरा बाआमा अन्धा भए । मैले उनीहरूलाई निकै दुःख पुऱ्याएँ । म पापी हुँ ।"



धर्मव्याधाले भने, "जानुहोस्, गएर बाआमाको सेवा गर्नुहोस् । आफ्नो पाप पखाल्नुहोस् । नत्र तपाईंले गरेको यत्रो तपस्या खेर जानेछ । उहाँहरूको आज्ञाविना तपाईं घरबाट निस्कनु भएछ । तप गर्न यत्रो वर्ष बिताउनुभयो । तपाईंको बिछोडमा उहाँहरू अन्धा हुनुभएछ । तपाईंले ठूलो भूल गर्नुभयो ।"

कौशिक घर फर्किए । उनका बाआमा पनि असाध्य खुसी भए । उनी अब बाआमाकै स्याहारमा लागे ।

# बलभन्दा बुद्धि ठूलो




कुनै जङ्गलमा एउटा बाघ बस्थ्यो । ऊ जङ्गलको राजा थियो । ऊ जङ्गलका अरू पशुहरूलाई तर्साउँथ्यो । कमजोर पशुहरूलाई मारेर खान्थ्यो ।

ऊ एक दिन जङ्गलबाहिर घुम्न निस्कियो । खेतमा उसले दुईओटा गोरु र एकजना किसान देख्यो । किसानले गोरुहरूलाई पछाडिबाट पिट्दै थियो । गोरु खेत जोत्दै थिए । बाघलाई अचम्म लाग्यो । उसले आजसम्म यस्तो देखेकै थिएन । उसले गोरुले खेत जोतेका र किसानले तिनलाई पिट्दै गरेको हेरिरह्यो ।

खेत जोत्दाजोत्दै किसान थाक्यो । ऊ एउटा रूखको छहारीमुनि बस्यो । यही मौका पारेर बाघ गोरुनजिक गयो । बिस्तारै गोरुलाई सोध्यो, "ए साथी, तिमीहरू त्यो मानिसभन्दा ठूला छौ । मानिसभन्दा बलिया छौ । फेरि किन उसको कुटाइ खान्छौ ? तिमीहरू उसलाई तह लगाउन सक्दैनौ ?"

गोरुले शिर झुकाएर भने, "हामी उसलाई तह लगाउन सक्दैनौं । हामीभन्दा ऊ सानो त छ तर कता हो कता बुद्धिमान् छ । उसको बुद्धि देख्यौ भने तिमी छक्क पर्छौ ।"



बाघले सोध्यो, "के हो त्यो बुद्धि भन्ने कुरो ?"

गोरुले भन्यो, "जाऊ, त्यही मानिसलाई गएर सोध,"

बाघ किसानकहाँ पुग्यो । उसले सोध्यो, "तिमीसँग बुद्धि छ रे, हो ? केहो त्यो बुद्धि भनेको ?"

किसानले भन्यो, "बुद्धि हेर्ने हो, तिमी ?"

"हो । कस्तो हुन्छ बुद्धि, देखाइदेऊ न मलाई ।" बाघले अनुरोध गर्‍यो ।

किसानले भन्यो, "ओहो, मेरो बुद्धि मैले घरमै छोडेर आएछुँ । आज तिमी आउने थाहा नै पाइनँ । नत्र बुद्धि बोकेर आउँथे ।"

बाघले सोध्यो, "अहिले घर गएर ल्याउन मिल्दैन ?"

किसानले भन्यो, "मिल्न त मिल्छ तर मलाई एउटा डर छ ।"

बाघले सोध्यो, "कस्तो डर ?"


किसानले भन्यो, "म घर जाँदा तिमीले मेरा गोरुहरू खायौ भने नि ? अरू कुनै दिन आऊ ।"

बाघले किरिया खायो, "धरोधर्म, तिम्रा गोरु खान्न । मेरो पेट टन्न छ ।"

किसानले भन्यो, "कहाँ पत्याउँछु र म तिमीलाई ।"

बाघले फेरि भन्यो, "तिमी जे भन्छौ, म त्यही मान्न तयार छु ।"

किसानले भन्यो, "उसो भए म तिमीलाई यही रूखमा बाँधेर जान्छु । अनि मात्र तिमी मेरो गोरु खान सक्दैनौ ।"



"हुन्छ," बाघले मञ्जुर गर्‍यो । किसानले बाघलाई डोरीले रूखमा बाँध्यो । त्यसपछि सुकेका दाउरा र पातपतिङ्गरले बाघलाई छोपिदियो । अनि सलाई कोरेर आगो लगाइदियो ।


आगो दनदनी बल्न थाल्यो । बाघलाई आगोले पोल्न थाल्यो । गोरुहरू मरिमरि हाँसे । उनीहरूले बाघलाई जिस्क्याउँदै भने, "देख्यौ त मानिसको बुद्धि ?"

एकछिन पछि आगोले बाँधेको डोरी खायो । बाघ बाँधेको ठाउँबाट फुत्कियो । अनि ऊ लड्खडाउँदै र डढेको घाउ लिएर जङ्गलतिर भाग्यो ।

उसले बुझ्यो, "बलको घमण्ड गर्नु हुँदैन । बलभन्दा बुद्धि ठूलो रहेछ । मानिसले उसको बुद्धिले मलाई जित्यो ।"

(भियतनाम)

# हरेस नखाए सफल भइन्छ




एक पटकको कुरा हो । हुलाक अड्डालाई चिठ्ठी पुऱ्याउनका लागि केही हुलाकीहरू चाहिएको थियो ।

सानु कछुवा पनि कामको खोजीमा थियो । उसले सोच्यो, "एक ठाउँको चिठ्ठी अर्को ठाउँ पुऱ्याउनु रमाइलै होला ।" ऊ जागिर खान हिँड्यो ।

हुलाक अड्डामा कङ्गारु पनि पुगेको रहेछ । हुलाक अड्डाको हाकिम अस्ट्रिच थियो । अस्ट्रिचले कछुवा र कङ्गारु दुवैलाई चिठ्ठी पुऱ्याउने काम दियो । ती दुवै चिठ्ठी बाँड्न हिँडे ।

कङ्गारु बुर्लुकबुर्लुक उफ्री हिँड्थ्यो । उसले दिनभरिमा सयओटा चिठी बाँड्यो । कछुवा जमिनमा घिस्रीघिस्री बिस्तारै हिँड्थ्यो । उसले बल्लबल्ल दुई ठाउँमा मात्र चिठी पुऱ्याउन सक्यो ।

हाकिम अस्ट्रिचले भन्यो, "माफ गर, कछुवा । म कङ्गारुलाई मात्र जागिर दिन सक्छु । तिमी अन्तै जागिर खोज ।"

"हस्, म अन्तै जागिर खोज्छु," कछुवाले दिकदार भएर भन्यो । उसले हरियो टोपी पनि फिर्ता दियो ।



कछुवाले बाटोमा बाँदरलाई भेट्यो । बाँदरले उसलाई दमकल अड्डामा लग्यो । त्यहाँको हाकिमचाहिँ भालु थियो । भालुले आगो निभाउनका लागि बाँदरलाई ठूलै बाल्टिन दियो । कछुवालाई कचौरा जत्रो बाल्टिन दियो ।

अकस्मात् कौवाको गुँडमा आगो लाग्यो । त्यो गुँड रूखको निकै माथि थियो । भालुले आगो निभाउने आदेश दियो । कछुवा रूख चढ्न खोज्थ्यो तर माथिबाट तल चिप्लिई हाल्थ्यो । ऊ माथि चढ्नै सकेन । तर बाँदर भने एकै चोटिमा चढिहाल्यो । उसले आगो पनि निभायो ।

हाकिम भालुले भन्यो, "अपशोच छ, कछुवा भाइ । म बाँदरलाई मात्र जागिर दिन सक्छु । तिमीलाई सक्दिनँ ।"

कछुवाले हरेस खाएन । उसले काम खोजिरह्यो । ऊ कामको खोजीमा कता गयो, कसैलाई थाहै भएन ।

एकदिनको कुरा हो । कुनै सर्कसको टोली त्यस सहरमा आयो । अस्ट्रिच, कङ्गारु, भालु, बाँदर सबै सर्कस हेर्दै थिए । मञ्चमा एउटा हात्ती देखियो । हात्तीको डँडाल्नुमा बाघ उभिएको थियो । बाघमाथि चिम्पान्जी थियो । चिम्पान्जीको टाउकोमा फ्याउरो थियो । यो सबै देख्दा दर्शकहरू छक्क परे । सबैले ताली बजाउँदै भने, "वाह, क्या गजब ! वाह, क्या गजब !"




अचानक बाँदर चिच्यायो, "ए लौ हेर ! त्यो हाम्रै सानु कछुवा होइन र ?"

"खोइ कहाँनेर ?" सबैले उत्सकुताका साथ सोधे ।


बाँदरले औँलाले देखाउँदै भन्यो, "कस्तो नदेखेको, उः त्यो ठूलो हात्तीमुनिको कछुवा देखेनौ ?"

"ए, हो त नि ! त्यत्रो हात्तीलाई पो थामिरहेको रहेछ त उसले !" सबैजना एकै स्वरमा कराए ।



कछुवा त बाजीगर खेलाडी (एक्रोब्याट) भइसकेको रहेछ । लागिपर्दा उसले काम पाएरै छाडेछ । उसले मिहेनतको फल पाएछ । उसको सफलतामा अस्ट्रिच, कङ्गारु, भालु, बाँदर सबै खुसी भए । उनीहरू ताली बजाउँदै कराए, "सानु कछुवा, तिमी महान् छौ, महान् ! "

# अल्छी भए खान पाइँदैन



एकादेशमा एउटा ठूलो जङ्गल थियो । जङ्गलमा धेरै थरीका जनावरहरू बस्थे । त्यहाँ भालुको परिवार पनि बस्थ्यो । त्यस परिवारमा छाउरा भालुका दाजुभाइ पनि थिए । ती दाजुभाइ खुव अल्छी थिए । यसैले उनीहरूका आमाले दाजुलाई जेठो अल्छी नाम राखेकी थिई । भाइचाहिँको नाम कान्छो अल्छी थियो ।

गर्मीको दिन थियो । भालुहरूलाई पनि असाध्य गर्मी भयो । कान्छो अल्छीले भन्यो, यस्तो गर्मीमा त तरबुजा खान पाए कस्तो मज्जा आउँथ्यो ! "


"हो हगि, क्या मज्जा आउँथ्यो ! " जेठो अल्छीले कुरा थप्यो, "क्या गुलियो र मीठो हुन्छ तरबुजा । फेरि खुब शीतल पनि गर्छ तरबुजाले ।"

"तर किन्न जाने को नि ? दुईटै दाजुभाइ अल्छीका पिण्ड छौ," आमाचाहिँले सुनाई ।

जेठोले भन्यो, "को जान्छ, कान्छो नि । म त जेठो बाठो हुँ । जेठोलाई मान्नु भाइको धर्म हो ।"

कान्छोले भन्यो, "वाह, क्या बाठो कुरा गर्छौ ! आफूभन्दा कान्छोलाई माया गर्नुपर्छ भन्ने तिमीलाई थाह छैन ? त्यसमाथि तिमीभन्दा म दुब्लो, पातलो र कमजोर छु । आफूभन्दा कमजोरलाई दुःख दिनु हुँदैन । यो कुरा पनि तिमीलाई थाहा हुनुपर्छ ।"

जेठोले फकाउँदै भन्यो, "त्यसो होइन, भाइ । तिमी मभन्दा छिटो छरितो छौ । मभन्दा चाँडो दगुर्न सक्छौ । जति चाँडो दगुऱ्यो त्यति चाँडै तरबुजा घरमा आउँछ । चाँडै खान पाइन्छ ।"



ती अल्छी दाइभाइका कुराकानी सुनेर उनीहरूकी आमाले रिसाउँदै भनी, "नकराओ, तिमीहरू दुवै उत्तिकै अल्छी छौ । नाप्यो भने एक रत्ती कम छैनौ । दुवैजना सँगै बजार जाओ । सँगै तरबुजा किन । सँगै बोकेर लिएर आओ ।"

दुवैजना अँध्यारो मुख लाउँदै बजारतिर लागे ।

जाँदाजाँदा तिनीहरू कुनै बगैँचामा पुगे । बगैँचा असाध्यै ठूलो थियो । त्यहाँ थरीथरीका फलफूल फलेका थिए । बगैँचाको मालिक एउटा बूढो बोको थियो । बोकोले सोध्यो, "बाबु हो, तिमीहरू किन आयौ ?"


भालुका दाजुभाइ नबोलीकन बसे । पहिला दाजु बोलोस् भन्ने भाइ । भाइ बोलोस् भन्ने दाजु । बोल्नै पनि उनीहरू अल्छी मान्ने । कस्ता अल्छी होलान् त तिनीहरू !

बोको झर्कियो, "के तालका हौ, तिमीहरू ? किन आयौ, भन न ।"

तिनीहरूले एकैसाथ भने, "हामी तरबुजा किन्न आएका । ठूलो र मीठो तरबुजा दिनोस् ।"

एक छिनपछि बोकोले तरबुजा ल्यायो । अल्छी दाजुभाइले पैसा तिरे । फेरि समस्या आयो । अब त्यो तरबुजा कसले बोक्ने ? दुवै बोक्न तयार भएनन् । कान्छोले जुक्ति निकाल्दै भन्यो, "गुडाएर लैजाऔँ, झञ्झटै खत्तम ।"

यसमा जेठो अल्छीले पनि मञ्जुर गऱ्यो । उनीहरूले तरबुजा घरसम्म नै गुडाएर ल्याए । घर आइपुग्नासाथ भने, "आमा, हेर्नुहोस् त । हामीले कति ठूलो र मीठो तरबुजा ल्याएका छौँ ।"



1050




"बाबु हो, धेरै राम्रो गऱ्यौ । अब म तरबुजा काट्छु, अनि सबै मिलेर मीठो गरी खाउँला ?"

त्यसपछि आमा भालुले तरबुजा काटी । लौ खा ! तरबुजा जति त सप्पै रातो पानी नै पानी भएको रहेछ । यो देखेर आमाले गाली गरी, "खुब अल्छी थियौ नि, गुडाएर ल्यायौ । गुडाएकोले तरबुजा पानीपानी भयो । यसैले भनेको अल्छी नबनी काम गर ।"

अल्छी भएकै कारण ती दाजुभाइले तरबुजा खान पाएनन् ।

(चीन)

# सहरभन्दा गाउँ नै राम्रो



सहरमुसा सहरमा बस्थ्यो । गाउँमुसा गाउँमा बस्थ्यो ।

एकचोटिको कुरा हो, सहरमुसा गाउँ हेर्न गयो । गाउँमा आफ्नो काकाको छोरो छँदै थियो । बस्ने खाने ठाउँको दुःख थिएन । भाइले गाउँ घुमाइ दिन्थ्यो पनि ।

भाइले सहरमुसाको स्वागत गऱ्यो । उसले भन्यो, "स्वागत छ दाजु, मेरो घरमा । तर मेरो घर सानो छ । बाहिर फराकिला ठाउँ छन् । धानखेत प्रशस्त छ । खेल्ने चउर छ । घाँसे मैदानहरू छन् । घुम्न र डुल्न खुब पाइन्छ । सबैतिर हरियै हरियो छ । चराचुरुङ्गीका मीठा आवाज सुन्छिन् ।"

यत्तिकैमा दाजुले सोध्यो, "तेरो घरमा बिजुलीबत्ती छ ?"

भाइले भन्यो, ""छैन दाजु, यहाँ त हामी दाउरा बालेर उज्यालो लिन्छौँ । दिउँसो सूर्यको घाम झलमल लाग्छ । त्यसको उज्यालो पाउँछौँ । बरु तपाईंलाई भोक लाग्यो होला । आउनोस्, मकै खाऔँ ।"

दाजुले भन्यो, "नाइँ, म मकै खान्न । मलाई मकै मीठै लाग्दैन । तँकहाँ चिज, बटर, केक केही छैन ?"

भाइले सुनायो, "छ दाजु, पाले र मुङ्गे (एकप्रकारको अन्न) पनि प्रशस्त फल्छ हाम्रो गाउँमा । खेतीको बखतमा किसानहरू त्यसैको बाली लगाउँछन् । तर मसँग भने छैन । कहिलेकाहिँ मासु हुन्छ । कहिलेकाहिँ आँप, केरा र मेवा हुन्छन् ।"



गाउँमुसाको कुरा सुनेर सहरमुसा खिन्न भयो । उसले भन्यो, “तैँले अहिलेसम्म ह्याम (सुँगुरको मासु) र हटडग्स् (पाउरोटीको बीचमा मासु राखेको खाना) खाएको छैनस् ?”

“अँह, छैन । कस्तो हुन्छ ह्याम र हटडग्स् ?” भाइले आश्चर्य मानेर सोध्यो ।

“त्यसो भए फ्राइड चिकेन (तारेको कुखुरा) पनि खाएका छैनस् ?” दाजुले सोध्यो ।

“छैन त ।” भाइले भन्यो ।



"लौ, त्यसो भए भोलि नै सहर हिँड् । त्यहाँ यी सप्पै कुरा खान पाउनेछस् । ठूलठूला घर देख्नेछस्, रङ्गीचङ्गी बत्ती बलेको देख्नेछस् । फूलै फूलले सजिएको विशालबजार देख्नेछस् । राम्राराम्रँ लुगाको भण्डार देख्नेछस् ।"

गाउँमुसाले भन्यो, "हस दाजु, म तपाईंसँग सहर जान्छु ।" अनि भोलिपल्टै ऊ सहर गयो । त्यहाँ त मोटरै मोटरको हल्ला रहेछ । धुवाँ रहेछ । मानिस नै मानिसको खैलाबैला रहेछ । यी सबले गर्दा गाउँ मुसाको टाउकै दुख्यो ।


उसले दाजुसँग भन्यो, "दाजै, यहाँ यति विधि हल्ला किन हँ ? यो धुलैधुलो र धुवाँ किन ? खोइ हरिया फाँट र घाँसे मैदान पनि छैनन् ।"

"ल ल हिँड्, घरभित्र जाऔँ । यै हो मेरै घर ।" आफ्नो घर देखाउँदै सहरमुसाले गाउँमुसालाई भित्र लग्यो । उसले सोध्यो, "ठूलो छैन त मेरो घर ? हेर, भित्र कति उज्यालो छ ।"

दिउँसै सहरको कोठामा बत्ती बलिरहेको थियो । घरैघरले सूर्यको उज्यालो पस्नै दिँदैनथ्यो । गाउँमुसाले कोठामा बिजुलीबत्ती देख्नासाथ सोध्यो, "त्यो के दाजु, ठूलो तारा हो कि ?"

दाजुले हाँस्दै भन्यो, "धत् लाटा, त्यो पनि कुनै तारा हुन्छ । यो त सहरमा बल्ने बिजुलीबत्ती नि । ल हिँड्, म तँलाई खानेकुराहरू देखाउँछु ।"

सहरमुसाले गाउँमुसालाई खाने टेबुलमा लग्यो । त्यहाँ चिज, बटर, ह्याम, हटडग्स्, केक, कुकिज आदि सब कुरा थिए । फ्राइड चिकेन पनि थियो ।



"ल ल खा," दाजुले भाइलाई भन्दै थियो । अकस्मात् त्यहाँ बडेमानका दुईटा कुकुर आए ।

सहरमुसा करायो, "भागौँ, भागौँ । मार्छन् यिनीहरूले हामीलाई ।"

तिनीहरू दुवैजना खाना छाडेर प्वालभित्र पसे । गाउँमुसा यति डरायो कि बोल्नै सकेन । एकछिन पछि सहरमुसाले भन्यो, "हिँड भाइ, कुकुरहरू गए । अब मज्जाले खाऔँ ।"

गाउँमुसाले भन्यो, "नाइँ दाइ, म खान्न । म आफ्नै गाउँ जान्छु । त्यहाँ न हल्लाखल्ला हुन्छ । न त धुवाँ र धुलो नै हुन्छ । त्यहाँका कुकुरहरू पनि हामीलाई केही गर्दैनन् । सबैजना मिलेर बसेका छौँ । कोहीदेखि कोही डराउनै पर्दैन ।"




गाउँमुसा तुरुन्तै आफ्नो घर फर्क्यो । अनि आनन्दले बस्न थाल्यो ।

(फिलिपिन्स)

# पहिला आफ्नो परिवारलाई मद्दत गर्नुपर्छ

कुनै ठाउँमा एउटा टट्टु थियो। उसको नाम अश्वका थियो। ऊ कसैलाई पनि मद्दत गर्दैनथ्यो।

एकदिनको कुरा हो। अश्वकालाई असाध्यै भोक लाग्यो। उसले आमासँग खानेकुरा माग्यो। आमाले भनिन्, "तँ साह्रै अल्छी छस्। केही काम गर्दैनस्। कसैलाई मद्दत पनि गर्दैनस्। खाली खान्छस्। आफ्नै सुरमा घुम्छस्, हिँड्छस्। पहिला कसैलाई मद्दत गर, अनि मात्र तँलाई खान दिन्छु।"




अश्वका घरबाट निस्कियो। उसले एउटा राम्रो पुतली देख्यो। पुतली फूलमा मजाले बसिराखेकी थिई। अश्जकाले सोच्यो, "बिचरी उड्न नसकेर बसेकी होली। गएर मद्दत गरिदिउँ। "

अश्वका पुतली नजिक पुग्यो। पुतली डरले उडेर भागी। फूलले अश्वकालाई गाली गर्‍यो, "पागल रहेछस् तँ। बिचरी मेरो रस चुसिरहेकी थिई। तैँले भगाइदिइस्।"

अश्वकाले भन्यो, "मैले त उसलाई मद्दत पो गर्न खोजेको थिएँ।"


"गरिस् मद्दत, जा भागिहाल यहाँबाट।" फूलले फेरि गाली गर्‍यो। ऊ त्यहाँबाट हिँड्यो।



एक ठाउँमा एउटा गाई सुतिरहेको अश्वकाले देख्यो । उसले एकछिन उभिएर गाईलाई हेऱ्यो । गाईको शरीर कामिरहेको थियो । उसले ठान्यो, "गाई अवश्य बिरामी छ । ल्याएर एक बाल्टीन पानी खन्याई दिनुपऱ्यो । अनि उसलाई आराम हुन्छ ।"

त्यसपछि अश्वकाले नजिकै कहींबाट एक बाल्टिन पानी ल्यायो । गाईको शरीरमाथि पानी खन्यायो । गाई ब्युँझियो । गाईले टट्टुलाई देख्यो । टट्टु खुसी मानेर हाँसिरहेको थियो । गाईलाई रिस उठ्यो । उसले अश्वकालाई गाली गऱ्यो, "पागल टट्टु, तँ अर्काको आनन्द देख्न सक्दैनस् ? बिहानभरि काम गरेर थकाइ मार्न सुतेथेँ । त्यो पनि तैँले देखिसहिनस्, होइन ?"


अश्वका फेरि निराश बन्यो । गाईलाई पनि उसले मद्दत नै गर्न खोजेको थियो, झन् उल्टो गाली पो पायो । ऊ त्यहाँबाट पनि हिँड्यो । साँझ पनि पर्न लागिसकेको थियो । उसलाई भोकले खपिनसक्नु भइसकेको थियो । तर अहिलेसम्म कसैलाई मद्दत नै गर्न सकेको थिएन । मद्दत नगरी घर गयो भने आमाले खान दिने पनि होइन ।



अश्वका यिनै कुरा सोचेर हिँड्दै थियो । एक ठाउँमा उसले एउटा तलाउ देख्यो । तलाउको माछो कहिले माथि हावामा उफ्रिन्थ्यो । कहिले तल पानीभित्र डुबुल्की मार्थ्यो । धेरै बेरसम्म अश्वकाले उसको चालामाला हेरिरह्यो । उसले विचार गऱ्यो, "पक्कै पनि यो माछो तलाउबाहिर आउन खोजेको होला । तर आउन सकिरहेको छैन । हो, अब म यसैलाई मद्दत गर्छु । अनि चाँडै घर पुगेर आमालाई भनी खानेकुरा खान्छु ।"

अश्वका तलाउको छेउमा गयो । उसले माछोलाई बाहिर निकाल्यो । चउरको घाँसमा पल्टायो । माछो झन् उफ्रिन थाल्यो । माछो चिच्यायो, "ए पागल टट्टु, किन मलाई पानीबाट निकालिस् ? हालिदे मलाई पानी मै । मलाई सास फेर्न गाह्रो भो, लौ न !"


अश्वकाले भन्यो, "तिमी अहिले यो नरम घाँसमा आराम गर । मैले पहिलो पल्ट तिमीलाई मद्दत गर्न पाएको छु । म असाध्यै खुसी छु । अब म घर गएर भोजन गर्छु । मेरी आमा मदेखि खुसी हुनुहुनेछ ।"



माछो फेरि करायो, “ए पागल टट्टु, चाँडै हालिदे भन्या मलाई पानीमा । म मर्न लागिसकेँ ।”

यी दुईका हल्लाखल्लालाई नजिकैका अरूले पनि सुने । तलाउमा हाँस पौडिरहेका थिए । चउरमा बोका र बाख्राहरू चरिरहेका थिए । ती सबै उनीहरू नजिक आए । सबैले कुरो बुझे । सबैले अश्वकालाई नै दोषी ठहऱ्याए । उनीहरूले उसलाई गर्नुसम्म गाली गरे । बिचरो अश्वका के गरोस् ? कामै नगर्दा पनि आमाको गाली खायो । काम गरेर पनि बुद्धि नपुग्दा अरूको गाली खायो । ऊ क्वाँ क्वाँ रुन पो थाल्यो ।

अश्वका रोएको देखेर एउटा बूढो हाँसले सोध्यो, “किन रोयौ, बा ?”



उसले आफ्नी आमाले भनेको सबै कुरा सुनायो । अनि भन्यो, "तर मैले कसैको मद्दत गर्न पाइनँ । अब त रात पनि परिसक्यो । घरजाने बाटो पनि देख्दिनँ । भोकाएको पनि उत्तिकै छु । घरै पनि पुग्न सक्छु कि सक्दिनँ । हुँ . . . हुँ . . . हुँ . . . ।"

उसको यस्तो अवस्थामा हाँसले भन्यो, "हिँड, म तिमीलाई घर पुऱ्याइदिन्छु । ल अब तिमी नरोऊ ।"

हाँसले अश्वकालाई घर पुऱ्याइदियो । अशोकाकी आमाले उसलाई देख्नासाथ अँगालो हालिन् । उनले भनिन्, "कहाँ गएका थियौ तिमी ? किन यसरी रोइरहेका छौ ?"

अश्वकाले रुँदै भन्यो, "आमा मैले कसैको मद्दत गर्न सकिँन । सबैले मलाई पागल टट्टु भनेर गाली मात्र गरे ।"

हाँसले सुनायो, "बाबु, पहिला तिमी आफ्नै परिवारभित्र मद्दत गर्न सिक । अनि मात्र अरूलाई मद्दत गर्न सक्छौ ।"

अश्वकाले आमासँग टाँस्सिदै भन्यो, "म अवश्य गर्नेछु, होइन त आमा ?"

आमाले पनि मायासाथ भनिन्, "हो बाबु, अवश्य तिमी हाम्रो मद्दत गर्छौ ।"

(श्रीलङ्का)

# सरसफाइमा ध्यान पुऱ्याऔं
# स्वस्थ र निरोगी बनौं





